# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८१।०९।१६ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला स्याङ्जा, अर्जुनचौपारी गाउँपालिका वडा नं. १ को आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ मा स्थानीय बजार क्षेत्रको ढलान बाटोमा गुणस्तरहीन कार्य गरेको भन्ने समेत व्यहोरा उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७५/०७६ मा अर्जुनचौपारी गाउँपालिकाबाट कार्यान्वयन भएको गाउँपालिका सदरमुकाम व्यवस्थापन क योजनाको Providing mixing and pouring (1:2:4) Machine Mix Concrete आइटमको सबै ठाउँको ढलान भत्किई रु.२७,०५,०११।०७ (सत्ताइस लाख पाँच हजार एघार र पैसा सात मात्र) बराबरको र आ.व. २०७६/०७७ मा अर्जुनचौपारी गाउँपालिकाबाट कार्यान्वयन भएको तल्लो बजार नाला तथा ढलान निर्माण योजनाको PCC for RCC Works १:२:४ आइटमको सबै ठाउँको ढलान भत्किई रु.८,३४,३२०।५८ (आठ लाख चौतीस हजार तीन सय बीस रुपैयाँ र पैसा अन्ठाउन्न) बराबरको गुणस्तरहीन काम गरेको देखिन आएकोले देहायका प्रतिवादीहरूउपर देहाय बमोजिमको कसुरमा सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहाय:**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | अर्जुनचौपारी गाउँपालिकाका तत्कालीन गाउँपालिका **अध्यक्ष दीर्घ नारायण अर्याल** | रु.३५,३९,३३१।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन एवं बिगोसमेत असुलउपर हुन मागदाबी लिइएको। |
| २. | अर्जुनचौपारी गाउँपालिकाका गाउँ कार्यपालिकाको कार्यालयका **तत्कालीन प्रमुख प्रशासकीय अधिकृत पुरण गुरुङ** | रु.२७,०५,०११।०७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन एवं बिगो समेत असुलउपर हुन मागदाबी लिइएको। |
| ३. | अर्जुनचौपारी गाउँपालिकाका **तत्कालीन इन्जिनियर नबिन थापा** | रु.३५,३९,३३१।६५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन एवं बिगो समेत असुलउपर हुन मागदाबी लिइएको। |
| ४. | अर्जुनचौपारी गाउँपालिकाका | रु.२७,०५,०११।०७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को |

| | | | |
|---|---|---|---|
| | **तत्कालीन सब-इन्जिनियर सूर्यप्रसाद पौडेल** | | उपदफा (१) को देहाय (ग) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन एवं बिगो समेत असुलउपर हुन मागदाबी लिइएको। |
| ५. | सदरमुकाम व्यवस्थापन उपभोक्ता समितिका **अध्यक्ष बालकृष्ण पौडेल, सचिव कृष्ण प्रसाद काफ्ले र कोषाध्यक्ष हिम कुमारी के.सी.** | रु.२७,०५,०११।०७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना हुन एवं बिगो समेत जफत हुन मागदाबी लिइएको। |
| ६. | अर्जुनचौपारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका **प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद गौतम** | रु.८,३४,३२०।५८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन एवं बिगो समेत असुलउपर हुन मागदाबी लिइएको। |
| ७. | अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका **तत्कालीन इन्जिनियर सुदिप आचार्य** | रु.८,३४,३२०।५८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिम कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन एवं बिगो समेत असुलउपर हुन मागदाबी लिइएको। |
| ८. | तल्लो बजार नाली तथा ढलान सडक निर्माण उपभोक्ता समितिका **अध्यक्ष मङ्गल देवी थापा मगर, सचिव विष्णु कुमारी वि.क. र कोषाध्यक्ष एक नारायण देवकोटा** | रु.८,३४,३२०।५८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो समेत जफत गर्न मागदाबी लिइएको। |

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया